२०८२ सालको विधेयक नं. १

# डिलासैनी गाउँपालिकाको आर्थिक विधेयक, २०८२

गाउँ सभामा पेश गरेको मिति :२०८२/०३/१०

डिलासैनी गाउँपालिका

डिलासैनी गाउँपालिका

**डिलासैनी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२**

**प्रस्तावनाः**

डिलासैनी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलनगर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था ागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम डिलासैनी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम "डिलासैनी गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि डिलासैनी गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१.१)बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुलउपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (१.२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

४.**घरजग्गा रजिष्ट्रेशन शुल्कः** गाउँपालिका अन्तर्गत घरजग्गाको कारोबारमा अनुसूची (१.३) बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क लगाइने र असूल उपर गरिने छ ।

५. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (१.४) बमोजिम सवारी साधन कर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

६.**भूमिकर(मालपोत)**: गाउँपालिका क्षेत्रभित्र अनुसूची (१.५) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

७. **मनोरन्जन करः**गाउँपालिका क्षेत्रभित्रहुने मनोरन्जनव्यवसाय सेवामा अनुसूची (१.६) बमोजिमव्यवसाय कर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

८.**विज्ञापन करः**गाउँपालिका क्षेत्रभित्रहुने विज्ञापनमा अनुसूची (१.७) बमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमाअन्यथाव्यवस्थाभएको अवस्थामा सोहि बमोजिमहुनेछ ।

९.**व्यवसाय करः**गाउँपालिका क्षेत्रभित्रव्यापार, व्यवसायवा सेवामापूँजीगतलगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (१.८) बमोजिमव्यवसाय कर लगाइने र असुलउपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः**गाउँपालिका क्षेत्रभित्र अनुसूची (१.९) माउल्लेख भए अनुसार हाट बजार वापसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुलउपर गरिनेछ ।

११.**पार्किंग शुल्कः** डिलासैनी गाउँपालिकाले उपलब्ध गराएको पार्किंग क्षेत्रमा सवारी साधन पार्किंग गरेबापत अनुसूची (१.१०) बमोजिम शुल्क लगाइने र असूलउपर गरिने छ ।

११. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले जडिबुटी, कवाडि र जीवजन्तुको व्यवसायिक कारोबार गरेवाफत अनुसूची (१.११) बमोजिमको कर लगाइने र असुलउपर गरिनेछ ।

१२. **प्राकृतिक स्रोत उपयोग कर:** गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक स्रोतको उपयोगमा अनुसूची (१.१२) मा उल्लेख भए बमोजिम शुल्क लगाइने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **सेवाशुल्क, दस्तुर:**गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१.१३) माउल्लिखित स्थानीयपूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भएअ नुसार शुल्क लगाइने र असुलउपर गरिनेछ ।

१४. **कर/दस्तुर संकलन सम्बन्धि अन्य व्यवस्था:**गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने यस ऐनमा उल्लेख भए बाहेकका क्षेत्रहरुमा कर तथा दस्तुर तोक्नु पर्ने भएमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी गाउँसभाबाट अनुमोदन गरी दर बनाई लागु गर्न तथा संकलन र असुल उपर गर्न सक्नेछ । तर, संघीय सरकार र प्रदेश सरकारको कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४. **कर छुट:** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको भर छुट दिईने छैन । तर सेवा शुल्क दस्तुर छुट गर्ने विषयमा संघीय, प्रादेशिक र स्थानीय कानूनमा व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसुचि १**

| सि.नं. | राजस्वको क्षेत्रहरु | प्रस्तावित दर रु | | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पत्ति कर | मूल्यांकित रकमको ०.२५ प्रतिशत | | |
| २ | घर कर | खरले छाएको | २० | |
| | | टिनले छाएको | ३० | |
| | | सिलेटले छाएको | ५० | |
| | | आरसिसि ढलान(एक तले) | १०० | |
| | | आरसिसि | १०० थप प्रति तला | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ढलान(एक तले भन्दा बढी) | ५० | | | |
| ३ | घर बहाल कर | | बहालआय रकमको १०प्रतिशत | | | | |
| ४ | घर जग्गा रजिष्ट्रेशनशुल्क | | प्रदेश सरकारको आर्थिक ऐन बमोजिम | | | | |
| ५ | सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता र नवीकरणमा वार्षिक शुल्क) | | दर्ता रु १००००। **नवीकरण रु २५००।** | | | | |
| ६ | भूमिकर (मालपोत) | जग्गाको वर्ग | न्यूनतम ५ रोपनीसम्म रु. | | थपप्रति रोपनी रु. | | सम्बन्धित आ व कर नतिरेमा थप ३५ प्रतिशत जरिवाना लाग्ने छ |
| | | | खेत | पाखो | खेत | पाखो | |
| | | अब्बल | २५ | २० | ६ | ४।५ | |
| | | दोयम | २० | १५ | ५ | ३।।५ | |
| | | सीम | १५ | १० | ४ | २।५ | |
| | | चाहार | १० | ५ | ३ | १।५ | |
| ७ | मनोरञ्जन कर | प्रति सांगितिक महोत्सव | प्रदेश आर्थिक ऐन बमोजिमहुने | | | | |
| | | प्रति खेलकूद चर्खा आदि | | | | | |
| ८ | विज्ञापन कर | प्रति होडिंग बोर्ड | ३०० | | | | |
| | | गाडीमा गरिने विज्ञापन | १५० | | | | |
| ९ | व्यवशाय कर | व्यवशाय दर्ता र नवीकरणमा | | | | | |
| १० | बहाल बिटौरी शुल्क | हाट बजारमा सरकारी जग्गामा पसल राखेमा | २२० | | | | |
| | | गाउँपालिका क्षेत्रमा फेरिमा सामान बेच्नेलाई वार्षिक कर | २००० | | | | |
| ११ | पार्किङ्ग शुल्क | मोटरसाइकल | ५० | | | | |
| | | हलुका सवारी साधन | २०० | | | | |
| | | बस, ट्रक, ट्रिपर आदि | ३०० | | | | |
| | | हेभि इक्युपमेन्ट | ५०० | | | | |
| १२ | प्राकृतिक श्रोत कर | | प्रदेश सरकारको आर्थिक | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | ऐन बमोजिम | |
| १३ | सेवा, शुल्क, दस्तुर | घर जग्गा नामसारी सिफारिस | २५० | |
| | | कृषिपशु समुहदर्ता नविकरण शुल्क | १५० | |
| | | मोही लगत कट्टा सिफारिस | ११० | |
| | | घर कायम सिफारिस | १५० | |
| | | छात्र बृत्तिसिफारिस | निशूल्क | |
| | | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | निशूल्क | |
| | | अपांगता सिफारिस | निशुल्क | |
| | | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि दस्तुर | १५० | |
| | | अस्थायी बसोवास सिफारिस | २०० | |
| | | स्थायी वसोवास सिफारिस | २०० | |
| | | नागरिकता सिफारिस | १५० | |
| | | नागरिकता र प्रतिलिपि सिफारिस | १५० | |
| | | अंगिकृत नागरिकता सिफारिस | १५०० | |
| | | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |
| | | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | २००० | |
| | | विद्युत जडान सिफारिस | १५० | |
| | | धारा जडान सिफारिस | १०० | |
| | | जिवित रहेको सिफारिस | १५० | |
| | | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | २०० | |
| | | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० | |
| | | व्यवसाय वन्द सिफारिस | १५० | |
| | | व्यवसाय सञ्चालन नभएको सिफारिस | १५० | |
| | | व्यापार व्यवसाय नभएको सिफारिस | १५० | |

दिलासैनी गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | कोट फीमिनाहा सिफारिस | निशुल्क | |
| | | नावालक परिचयपत्र सिफारिस | १०० | |
| | | चौपाया सम्बन्धी सिफारिस | १५० | |
| | | गाँउपालिकामा दर्ता वा नविकरण भएका व्यवसाय को सिफारिस | १०० | |
| | | उद्योग ठाउँ सरी सिफारिस | १५०० | |
| | | विद्यालय ठाउँ सरी सिफारिस | ८०० | |
| | | आन्तिरिक बसाइँसराई सिफारिस | १५० | |
| | | व्यक्तिगत विवरण सिफारिस | १५० | |
| | | जग्गादर्ता सिफारिस | २५० | |
| | | संरक्षक सिफारिस ( व्यक्तिगत) | १५० | |
| | | संरक्षक सिफारिस ( संस्थागत) | २०० | |
| | | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशुल्क | |
| | | जिवित संगको नाता प्रमाणित | १५० | |
| | | मृतक संगको नाता प्रमाणित | १५० | |
| | | कोठाखोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | २०० | |
| | | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| | | अन्य कार्यालयको मागअनुसार विवरण खुलाइ पठाउने कार्य | निशुल्क | |
| | | संस्थादर्ता वा सिफारिस | ३०० | |
| | | घरबाटो प्रमाणित | २५० | |
| | | चार किल्ला प्रमाणित | २५० | |
| | | जन्ममिति प्रमाणित | १५० | |
| | | विवाह प्रमाणित | २०० | |
| | | कागज मन्जुरीनामा प्रमाणित | १५० | |
| | | हकवाला वाहकदार | १५० | |

डिलासैनी गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | प्रमाणित | | |
| | | अविवाहित प्रमाणित | १५० | |
| | | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २५० | |
| | | जग्गाधनी पूर्जा हराएको सिफारिस | २०० | |
| | | पूर्जामा घर कायम गर्ने सिफारिस | २५० | |
| | | अंग्रेजी सिफारिस तथा प्रमाणित | २५० | |
| | | मिलापत्र कागज | ५०० | |
| | | रुख कटान सिफारिस प्रति रुख | ७०० | |
| | | उजुरी दर्ता | ३०० | |
| | | जन्मदर्ता | २०० | |
| | | मृत्यु दर्ता | २०० | |
| | | वसाई सराई आउने/जाने दर्ता | २०० | |
| | | पक्का घरको सर्जमिन वापत | निशुल्क | |
| | | अन्य सबै प्रयोजनको सर्जमिन वापत | निशुल्क | |
| | | अचल सम्पत्ति मूल्याकंन | २५०० | |
| | | रकमकलम उढाई दिएवापत | ५प्रतिशत | |
| | | सम्वन्ध विच्छेद दर्ता | पन्जिकरण सम्बन्धि कानुन बमोजिम | |
| | | विवाहदर्ता | २०० | |
| | | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | २०० | |
| | | उल्लेखित बाहेक अन्य | | |
| | | सिफारिस (संस्थागत) | २५० | |
| | | सिफारिस (व्यक्तिगत) | २०० | |
| | | प्रमाणित (संस्थागत) | ३५० | |
| | | प्रमाणित (व्यक्तिगत) | २०० | |
| | | संशोधन | २५० | |
| | | कागजात प्रिन्टिंग दस्तुर प्रति पृष्ठ | १० | |
| | | कागजात फोटोकपी दस्तुर | ५ | |

डिलासैनी गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| | | प्रति पृष्ठ | | |
| | | स्वास्थ्य प्रयोगशाला जाँच शुल्क | जिल्ला जनस्वास्थ्य कार्यालयले निर्धारण गरे बमोजिम | |
| | | कर्मचारी आवेदन दस्तुर | लोक सेवाआयोगले निर्धारण गरे बमोजिम | |
| | | राजपत्र विक्री शुल्क | राजपत्र सम्बन्धी कार्यविधि बमोजिम हुने | |
| | | बोलपत्र बिक्री शुल्क | सार्वजनिक खरीद ऐन २०६३ बमोजिम | |

| क्र.सं. | राजस्वको क्षेत्रहरु | | प्रस्तावित दर रु |
|---|---|---|---|
| १ | व्यवसाय कर | चिया पसल | वार्षिक रु ५००। |
| | | खुद्र पसल | वार्षिक रु १०००। |
| | | होटेल | वार्षिक रु २०००। |
| | | मदिरा पसल | डिलर वार्षिक रु ५०००। सामान्य वार्षिक रु २५००। |
| | | हार्डवेयर पसल | वार्षिक रु ५०००। |
| | | कपडा पसल | वार्षिक रु २०००। |
| | | ट्रेनिङ सेन्टर एवम् सिलाई सेन्टर | वार्षिक रु १०००। |
| | | होलसेल पसल | वार्षिक रु २५००। |
| | | स्टेशनरी तथा पुस्तक पसल | वार्षिक रु १०००। |
| २ | जडिबुटी, कवाडी र जीवजन्तु कर | रिठा | प्रति क्विन्टल रु २० |
| | | गाउँपालिकाबाट घर पालुवा जनावरको निकासीमा | प्रति भैसी राँगा १०० प्रति खसि बाखा २५ चमेलिया नदीमा माछा मार्ने दर छिमेकीगा.पा. न.पा. सँग समन्वय गरी कार्यपालिकाले निर्णय गरे बमोजिमहुने |
| | | | |
| | | भाटमास | प्रति क्विन्टल रु २० |
| | | अमला | प्रति क्विन्टल रु २० |
| | | जडिबुटी, खोटो आदिप्रति क्विन्टल निकासीमा | विक्रीमुल्यको ०.५ प्रतिशत |

| | | | |
|---|---|---|---|
| | | कवाडि कर प्रति क्विन्टल निकासीमा | २० |
| ३ | खरी | | प्रति क्विन्टल रु २० |
| ४ | सिलेट | | प्रति सिलेट सानो रु १.५ |
| | | | प्रति सिलेट ठूलो रु ५ |
| ५ | प्राकृतिक स्रोत कर | ढुङ्गा | टेण्डर नभएको अवस्थामा प्रति ट्रली रु ३००। |
| | | गिट्टी | टेण्डर नभएको अवस्थामा प्रति ट्रली रु ४००। |
| | | बालुवा | टेण्डर नभएको अवस्थामा प्रति ट्रली रु ५००। |
| ६ | योजना सिफारिस | सामान्य सिफारिस | प्रति योजना रु २५० |
| | | १ लाख सम्मका योजना | प्रति योजना रु २०० |
| | | ५ लाख सम्मका योजना | प्रति योजना रु ३०० |
| | | १० लाख सम्मका योजना | प्रति योजना रु ४०० |
| | | १५ लाख सम्मका योजना | प्रति योजना रु ५०० |
| | | २० लाख सम्मका योजना | प्रति योजना रु १००० |
| | | २० लाख भन्दा माथि ५० लाख सम्मका योजना | प्रति योजना रु १५०० |
| | | ५० लाख देखि ८० लाख सम्मका योजना | प्रति योजना रु २००० |
| ७ | घ वर्गको इजाजत दर्ता शुल्क | | रु २०००० |
| | घ वर्गको इजाजत नवीकरण शुल्क | | रु १०००० |
| ८ | तीन पाङ्ग्रे सवारी सधान दर्ता शुल्क | | १०००० |
| | तीन पाङ्ग्रे सवारी सधान नवीकरण शुल्क | | २५०० |
| ९ | एफ एम रेडियोमा बज्ने विज्ञापन | नेपाल सरकार, प्रदेश सरकार ,कार्यापालिका, रेडियो नेपाल र विज्ञापन बोर्डको नियमानुसार | |

माथि उल्लेखित भएका बाहेक अन्य व्यवसायिक तथा अन्य क्षेत्रहरुमा कर ताथ दस्तुर तोक्नु पर्ने नेपाल सरकार र प्रदेश सरकारको कानुनमा नबाझिने गरी गाउँपालिकाको बैठकले निर्णय गरी गाउँ सभाबाट अनुमोदन गराउने गरी दर बनाई लागू गर्न सकिने छ।

डिलासैनी गाउँपालिका